<u>मिति २०७७/२/२९ मा बसेको मन्त्रिपरिषद् बैठक संख्या ७९/२०७७ का निर्णयहरू:-</u>

१. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्ताव नं. २/३९/२७७-२०७७/२/२९ को "कानून सुधार तथा सुझाव समितिका सदस्य नियुक्ति गर्ने " सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-
"कानून सुधार तथा सुझाव समिति सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम अधिवक्ता पुनम सिंह चन्द, नीलप्रसाद तिवारी र हरिराम श्रीपाईलीलाई समितिको सदस्यको रुपमा नियुक्त गर्ने । सदस्यका रुपमा नियुक्त भएका व्यक्तिहरुलाई नियुक्त भएको पत्र आन्तरिक मामिला तथा कानून मन्त्रालयले दिने ।"

२. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्ताव नं. ३/४८/२७५-२०७७/२/२८ को "प्रदेश आर्थिक विधेयक, २०७७ को तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-
"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

३. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्ताव नं. ३/४९/२७६-२०७७/२/२८ को "प्रदेश विनियोजन विधेयक, २०७७ को तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-
"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

२०७७/२/२९

प्रमुख सचिव